**प्रेस विज्ञप्ति**

**माननीय अर्थमन्त्री श्री  विष्णुप्रसाद पौडेल र नेपालका लागि स्वीट्जरल्याण्डका महामहिम राजदूत एलिजावेथ भोन क्यापेलर बीच शिष्टाचार भेटघाट**

माननीय अर्थमन्त्री विष्णु प्रसाद पौडेल र नेपालका लागि स्वीट्जरल्याण्डका महामहिम राजदूत एलिजावेथ भोन क्यापेलर बीच आज अर्थ मन्त्रालयमा शिष्टाचार भेटघाट भयो। उक्त भेटघाटमा माननीय अर्थमन्त्रीज्यूले नेपाल र स्वीट्जरल्याण्ड वीच सधै सुखद र असल सम्बन्ध कायम रही रहेको र असल सम्बन्धलाई आपसी विश्वास र सहकार्यको मध्यमबाट अझ गहिरो वनाउने आफ्नो प्राथमिकता रहेको विचार व्यक्त गर्नुभयो।

सो अवसरमा माननीय अर्थमन्त्रीज्यूले कोभिड १९ ले सिर्जना गरेको चुनौती सामना गर्न विश्वव्यापी सहकार्य र एकता आबश्यक हुनुको साथै दोश्रो लहरको प्रभाव रोक्न युरोपियन मुलुकहरुले चालेका कदमहरुको प्रशंसा गर्दै स्वीस सरकारले नेपालको विकास प्रयासमा गरेको निरन्तर सहयोगको लागि धन्यवाद समेत दिनुभयो।

स्वीट्जरल्याण्डका महामहिम राजदूत एलिजावेथ भोन क्यापेलरले नवनियुक्त अर्थ मन्त्रीज्यूलाई बधाई ज्ञापन गर्नु भयो। देशको स्थायित्व र विकासका लागि माननीय अर्थमन्त्रीज्यूको महत्वपूर्ण भूमिका रहने उल्लेख गर्दै विगत १० बर्षमा नेपालमा धेरै परिवर्तन संस्थागत भएको बिषय औल्याउनु भयो। साथै सम्माननीय प्रधानमन्त्रीज्यूले अघि सारेको दूरदृष्टि तथा वर्तमान सरकारको प्राथमिकताअनुरुपका विकास क्रियाकलापहरुमा स्वीस सरकारको सहयोग एवं साथ रहने उल्लेख गर्नु भयो।उहाँले संघीयता कार्यान्वयनमा नेपालले प्राप्त गरेको सफलताको प्रशंसा गर्दै संघ, प्रदेश र स्थानीय तह सम्म विकास सहायता परिचालन गर्ने कार्यविधिहरुको निर्माण गरी स्पष्टता ल्याएकोमा खुशी व्यक्त गर्नुभयो।कोभिड १९ को महामारी नियन्त्रणमा स्वीस सरकारले सहयोग गर्दै आएको र आगामी दिनमा पनि सहयोग जारी राख्ने प्रतिबद्धता समेत व्यक्त गर्नुभयो ।

उक्त शिष्टाचार भेटघाटका क्रममा नेपाल सरकार र स्वीट्जरल्याण्ड सरकार बीच MOTORAL LOCAL: ROADS BRIDGE PROGRAMME ( MLRBP)  PHASE IV  को लागि ९.८२ मिलियन स्वीस फ्र्यांक ( करिव १ अर्ब २६ करोड नेपाली रुपैया) को प्राविधिक सहायता परिचालन गर्न द्विपक्षीय सम्झौतामा हस्ताक्षर भएको छ। उक्त सम्झौतामा अर्थ मन्त्रालयको तर्फबाट सहसचिव श्री श्रीकृष्ण नेपाल र स्वीट्जरल्याण्ड सरकारका तर्फबाट महामहिम राजदूत एलिजावेथ भोन क्यापेलरले हस्ताक्षर गर्नुभयो ।

**२०७७ कार्तिक २८**
**अर्थ मन्त्रालय**